| | | |
|---|---|---|
| ४ | सर्वानन्द यादव | २९,०००।- |
| | **जम्मा** | **५,९९,६००।-** |

५७. १८/२०७३।१०।११, आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २७१ मा कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाइने तथा तोकिएको काम बाहेक अन्य काममा खर्च गरेको देखिएमा जिम्मेवार व्यक्तिबाट यस्तो खर्च रकम असुल उपर गर्नुपर्ने व्यवस्था छ । कार्यालयले रु ३५०००। खाजा खर्च लेखेकोमा माइन्युट तथा उपस्थिति पशे नभएको हुदा कुन प्रयोजनका  लागि खर्च भएको भनि एकिन हुन नसकेको हुदा पुस्ट्याँई हुने प्रमाण पेश गनु पर्दछ अन्यथा सो रकम असुल गर्नु पर्दछ ।

५८. आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार समावेश गरिएको छ ।

| **क्र.सं.** | **विवरण** | **रकम** |
|---|---|---|
| १ | प्रकृया बेगर खरिद गरेको अनियमित | ३९,२००।- |
| २ | मालपोत दाखिला नभएको असूल गर्नुपर्ने | १४,१७६।३८ |
| ३ | राजश्व दाखिला नभएको असूल हुनुपर्ने | ६२,०७८।५० |
| ५ | ५ देखि १७ सम्मको दफा सैद्धान्तिक | |
| | **जम्मा** | **११५४५४।८८** |

५९. **सम्परीक्षण :** आर्थिक कार्यबिधि ऐन २०५५ को दफा १८ मा लेखापरीक्षणबाट औल्याइएको बेरुजु  सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने दायित्व जिम्मेवार ब्यक्तिको हुने तथा दफा १९ मा महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण हुंदा औल्याइको बेरुजुको सम्बन्धमा सो बेरुजुको सुचना प्राप्त भएको ३५ दिन भित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फछ्र्यौट गरी सम्परीक्षण गराउनु पर्ने ब्यवस्था छ । कार्यालयले वेरुजु लगत अध्याबधिक नगरेको हुदा वेरुजुको विवरण यकिन हुन सकेन । कार्यालयले आगामी दिनमा वेरुजु लगत अध्याबधिक गरि वेरुजु सम्परीक्षण गराउने तर्फ विशेष पहल गर्नु पर्दछ ।